# नेपाल टेलिभिजन
## इ-बुलेटिन

वर्ष २, अङ्क १५, असार २०७८

www.ntv.org.np

**यस अंकमा**

नेपाल टेलिभिजन संस्थानले संस्थान भित्र भएगरेका विविध गतिविधिहरुलाई समेटेर आमदर्शक एवम् सम्बन्धित सरोकारवाला सबैको जानकारीकालागि मासिक रुपमा इ-बुलेटिन प्रकाशन गर्दै आइरहेको छ । २०७८ साल असार महिनामा प्रकाशित यो अंक इ-बुलेटिनको पन्ध्रौं अंक हो ।

प्रशासनः सञ्चालक समिति सदस्यको स्वागत

समाचार च्यानलः विपद् जोखिमबारे सचेतकताको विगुल

समाचारः राजनीतिक घटनाक्रमसंगैको रफ्तार

राष्ट्रिय प्रसारणः संकटकाबीच उत्साह

व्यापारः कूल ६० करोड रुपैंया व्यापारिक कमाइ

आर्थिक प्रशासनः लेखा सम्वद्ध क्रियाकलाप र आर्थिक कारोवारको लेखाजोखा

अपरेशन महाशाखाः सचेतता अपनाउदै नियमित काममा सक्रियता

प्रत्यक्ष प्रसारणः प्रमुख घटनाक्रमहरुको प्रत्यक्ष प्रसारण

योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखाः अनुदान प्राप्त कार्यक्रमहरुको अवधारणापत्र

इन्जिनिरियङ्ग महाशाखाः प्रविधि र जनशक्तिको व्यवस्थापनएवम् परिचालन

एनटिभी कोहलपुरः रजत महोत्सवको रौनक

## सञ्चालक समिति सदस्यको स्वागत




नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०७८।०३।२१ को निर्णयानुसार सञ्चार संस्थान ऐन, २०२८ को दफा १० को उपदफा (१) को खण्ड (घ) बमोजिम श्री सबनाम मुखिया, ललितपुर महानगरपालिका-८, ललितपुरलाई नेपाल टेलिभिजनको सञ्चालक समिति सदस्य पदमा ४ (चार) वर्षको लागि मनोनयन गरिए अनुसार नवनियुक्त सञ्चालक समिति सदस्य श्री मुखियालाई संस्थान सञ्चालक समितिमा सदस्यहरुबाट स्वागत गरियो । उक्त कार्यक्रममा संस्थानका कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टबाट नवनियुक्त सञ्चालक समितिका सदस्यको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभयो । अध्यक्ष विष्टले नेपाल टेलिभिजनको विकासमा उहाँको योगदान स्मरणिय रहने विश्वास पनि व्यक्त गर्नुभयो । कार्यक्रममा नवनियुक्त सञ्चालक समिति सदस्य श्री मुखियाले संस्थानको विकास, विस्तार एवं श्रीवृद्धिमा आफ्नो योग्यता र क्षमताले भ्याएसम्म समर्पित हुने बताउनु भयो ।

## इम्बोस्ड नम्बर प्लेट र लिलामीको प्रक्रिया



नेपाल सरकार यातायात व्यवस्था विभागबाट सरकारी तथा संस्थानका सवारी साधनहरुमा अनिवार्य रुपमा इम्बोस्ड नम्बर प्लेट जडान कार्य सम्पन्न गर्न पत्राचार भई आए अनुसार संस्थानका अधिकांश सवारी साधनहरुमा इम्बोस्ड नम्बर प्लेट जडान कार्य सम्पन्न गरिएको छ ।

यसैगरी संस्थानको मातहत रहेका पूराना भई काम नलाग्ने अवस्थामा पुगेका बा. १ ञ १३१६, १६१०, २०२६ र २०२७ नम्बरका गरी जम्मा चार वटा सवारी साधनहरुलाई लिलाम बिक्री कार्य गर्नुका साथै ती सवारी साधनहरुको यातायात व्यवस्था कार्यालयमा लगत कट्टा गराउने कार्य सम्पन्न भएको छ ।

## सञ्चारकर्मी र सूचना प्रविधि लक्षित काम

नेपाल टेलिभिजनमा आबद्ध कर्मचारी सञ्चारकर्मीहरुलाई आ. व. ०७८/७९ का लागि प्रेस पास प्रयोजनका लागि आवश्यक विवरण सञ्चार तथा प्रसारण विभागको अनलाइनमा प्रविष्ट गर्ने काम पनि सम्पन्न भएको छ ।

साथै संस्थानका कर्मचारीहरुलाई उनीहरुको सरोकारसंग सम्वन्धित संस्थान भित्रको सूचना र जानकारीहरुको छिटो छरितो एवम् भरपर्दो रुपमा वितरण गर्न र त्यस कार्यमा सूचना प्रविधिको प्रयोगलाई बढाउन संस्थानमा आबध्द सबै कर्मचारी एवं सञ्चारकर्मीहरुको इमेल ठेगाना संकलन गरी सो मार्फत आवश्यक सूचना एवं जानकारी आदि प्रवाह गर्न प्रारम्भ गरिएको छ ।

यसैगरी संस्थानका स्थायी कर्मचारीहरुको सामुहिक आवधिक जीवन बीमा आ.व. ०७८/७९ का लागि नवीकरण गर्ने कार्य सम्पन्न गरिएको छ ।

## कार्यालय सहयोगी काशीलालको विदाई

संस्थानमा तीन दशकभन्दा बढी समयदेखि कार्यरत कर्तव्यनिष्ठ कार्यालय सहयोगी काशीलाल महर्जन मिति २०७८।०३।३१ देखि उमेर हदका कारण संस्थानको सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएकोले उहाँको सुखमय जीवनको कामना सहित विदाई गरिएको छ ।



## विपद् जोखिमबारे सचेतकताको विगुल

सक्रिय मनसुनी प्रणालिका कारण असार महिनामा देशका विभिन्न जिल्लाहरुमा घटेका प्राकृतिक प्रकोपका घटनाहरुमा धेरै जनधनको क्षति भयो । देश र नागरिकहरुले भोग्नुपरेका त्यस्ता दुःखद घटनाहरुको बारेमा प्रत्यक्ष एवम् स्थलगत समाचार संकलन तथा कार्यक्रम निर्माण गरी नेपाल टेलिभिजनको समाचार च्यानल र यसकासमाचार बुलेटिनहरुमा महिनै भरी प्रसारण भए । साथै विपद् जोखिम न्युनिकरण, विपद् पछिको उद्धार, राहत र पुनर्स्थापनामा राज्य र नागरिकका विभिन्न तहहरुबाट भएका काम, विपद् हुनै नदिन चाल्नुपर्ने कदम लगायत सचेतता सम्वन्धि विषयवस्तु र सामग्री समेटिएका समाचार र सूचनाहरु निरन्तर प्रसारण हुदै आइरहेका छ । विपदसँग सामना गर्न र जनधनको क्षति हुन नदिन सम्पूर्ण राज्य संयन्त्रहरु परिचालित भइरहेका छन् । यस्तोमा राष्ट्रिय प्रसारण संस्था र यसको समाचारको हिस्सा भएकोले समाचार च्यानलले सम्भावित जोखिमबारे पूर्व सूचनादिने र सावधानी अपनाउन प्रेरित गर्ने समाचारहरु, घटना भइसकेको अवस्थामा तत्काल उद्दार र राहत वितरणको अवस्था र पिडितहरुको पुनर्स्थापना र व्यवस्थापनमा सघाऊ पुऱ्याउने उद्धेश्य सहित समाचार र समाचारमुलक सामग्रीहरु प्रसारण गरिरहेको छ । यसक्रममा विपद्संग सम्वन्धित जनसरोकारका सबै विषयमा आधारित रहेर समाचार तथा समाचारमुलक कार्यक्रम र अन्तर्वार्ताहरु प्रसारण भएका छन् ।

## राजनीतिक घटनाक्रम समाचारको प्राथमिकतामा




यसबीचमा मुलुकको राजनीतिक घटनाक्रमले पनि नयाँ मोड लियो । राष्ट्रिय राजनीतिका मूलधारका राजनीतिक दल, दल भित्रको आन्तरिक राजनीति, सरकारका क्रियाकलाप एवम् प्रदेश र स्थानीय तहमा भएका विभिन्न गतिविधिहरुका बारेमा समेत निरन्तर समाचार, समाचारमुलक सामग्री तथा अन्तर्वार्ताहरु प्रसारण भएका छन् ।

संघीय संसदको प्रतिनिधि सभा विघटनको सन्दर्भका साथै सर्वोच्च अदालतमा संसद पुनर्स्थापनाको पक्ष र विपक्षमा भएका बहस र फैसला विषयहरु समाचारका प्राथमिकता बने । योसंगै नेपाल सरकार मन्त्रिपरिषद् बैठकका निर्णयहरुका बारेमा समेत आवश्यकता अनुसार प्रत्यक्ष र नियमित रुपमा समाचार बुलेटिनहरुमा समावेश गरी आमनेपालीहरुको जानकारीका लागि प्रसारण हुँदै आइरहेको छ ।

## नयाँ प्रधानमन्त्री शेरबहादुर देउवाको नियुक्ति



असार महिनामै मुलुकले नयाँ प्रधानमन्त्री पाएको छ । सर्वोच्च अदालतले विघटित प्रतिनिधि सभा पुनर्स्थापना गरी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न आदेश जारी गरेसंगै मुलुकको ४०औं प्रधानमन्त्रीका रुपमा राष्ट्रपति विद्यादेवी भण्डारीले देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभयो । पाँचौं पटक प्रधानमन्त्री नियुक्त बन्नुभएका प्रधानमन्त्री शेरबहादुर देउवाको जीवनी सहित उहाँको राजनीतिक जीवन समेटेर तयार गरिएका समाचार सामग्रीहरु प्रसारण भए । नयाँ सरकार गठनसंगै मन्त्रिपरिषद्, यसका गतिविधि, क्रियाकलापकर योजनाहरुको बारेमा पनि निरन्तरण समाचार, समाचारमुलक कार्यक्रम तथा अन्तर्वार्ताहरु प्रसारण भएका छन् ।

## महामारीको अवस्थाबारे मन्थन

कोभिड-१९ र त्यसले निम्त्याएको महामारीको संकट अझै टरिसकेको छैन् । कोरोनाभाइरसबाट संक्रमितहरुको संख्या अझैपनि बढिरहेकै अवस्थामा निषेधाज्ञालाई केहि लचिलो बनाइएको छ । जनजीवन विस्तारै लयमा फर्कदै छ । यस्तोमा समाचार कक्षमा रहेर र फिल्डमा खटिएर काम गर्नेसबै जनशक्तिहरुको सुरक्षालाई प्राथमिकतामा राख्दै देशकै अग्रणी र राष्ट्रिय प्रसारण संस्थाको दायित्व निर्वाहमा निरन्तर लागिपरेको छ ।

महामारी अवस्था सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित रुपमा आयोजना गर्ने गरेको पत्रकार सम्मेलनको प्रत्यक्ष प्रसारण मार्फत समाचार च्यानलबाट सूचना प्रवाह भइरहेको छ । यसैगरी मन्त्रालयका प्रवक्ता,




सहप्रवक्ता सहित विज्ञ चिकित्सक एवम् अन्य विज्ञहरुसंगको निरन्तर संवाद, अन्तर्वार्ता आदीले महामारीबाट बच्दै दैनिक जीवन कसरी सञ्चालन गर्न सकिन्छ भन्ने बारेका जानकारीहरु आमनेपाली समक्ष पुगिरहेको छ ।

## खोप बारेको खबर

महामारीबाट बच्दै सुरक्षित रहनु जति महत्वपूर्ण छ त्यति नै आवश्यक दैनिक क्रियाकलापहरुको सञ्चालन गर्दै अघि बढ्नुपर्ने छ । यस्तोमा कोरोनाभाइरस विरुद्धको खोप नै एकमात्र विकल्प भएको सबैले स्विकार गरेको विषय हो । यस्तोमा बढी भन्दा बढी मात्रा खोप ल्याएर धेरै भन्दा धेरै नेपालीहरुलाई लगाउन सरकारले आफ्ना सबै संयन्त्रहरुलाई प्रयोग गरिरहेको छ । नागरिकहरुको स्वास्थ्य सुरक्षालाई केन्द्रमा राखेर सरकारले गरिरहेको यो प्रयासमा नेपाल टेलिभिजनले सूचना र समाचार मार्फत सहयोग गरिरहेको छ । खोपको महत्व, खोप लगाउन किन आवश्यक छ भन्ने बारेमा जानकारी, कहाँबाट कुन खोप कति मात्रा ल्याइदै छ भन्ने लगायतका जानकारी देखि कहाँ, कहिले र कुन उमेर समूहले कसरी खोप सेवा प्राप्त गर्न सक्नेछन भन्ने बारेमा सम्पूर्ण जानकारी समाचार र




कार्यक्रमहरु मार्फत समाचार च्यानलले निरन्तर प्रसारण गरिरहेको छ ।

## संकटकाबीच उत्साह

कोरोना भाइरस कोभिड – १९ को दोस्रो लहरले निम्त्याएको जोखिम र कार्यस्थलमा हुने भिडभाडलाई सकेसम्म कम गर्नुपर्ने दायित्वका बिच यो महिना केही नयाँ र नियमित कार्यक्रमहरु निर्माण तथा प्रसारण भए । आर्थिक वर्षको अन्तिम महिना भएकोले लक्ष्य अनुरुपका प्राःय सबै र सहकार्यका आयमूलक सबै कार्यक्रमहरु उत्पादन र प्रसारण भए ।

## विशेष संवाद

एमालेका तत्कालिन महासचिव एवं जननेता मदन भण्डारीको स्मृतिमा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीसँग विशेष संवाद प्रसारण भयो । यसैगरी जननेता मदन भण्डारीको साहित्यिक पाटो उजागर गर्ने विशेष संवाद पनि प्रसारण भयो ।

## प्रत्यक्ष प्रसारण

नेपाल सरकारको बहुप्रतिक्षित आयोजना माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको उद्घाटन समारोहको प्रत्यक्ष प्रसारण पनि भयो । यसका साथै प्रधानमन्त्रीको सम्बोधन, मन्त्रिपरिषद् बैठकको निर्णय, बागमती प्रदेश सभा, वीर अस्पताल नयाँ भवन उद्घाटन लगायत विभिन्न महत्वपूर्ण कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण पनि टेलिभिजनले यो महिनामा गरेको छ ।

## नयाँ कार्यक्रम निर्माण र प्रसारण

प्रधानमन्त्री रोजगार कार्यक्रमसँगको सहकार्यमा श्रमको सम्मान टक शो र जनचेतनामूलक सन्देश उत्पादन गरी प्रसारण समेत भएको छ ।

## नियमित कार्यक्रमहरुको निरन्तरता

यसका साथै नियमित कार्यक्रमहरु दोहोरी च्याम्पीयन, संघर्ष, कोभिड हटलाइन, कोभिड १९ प्रेस ब्रिफिङ, हाम्रो उच्च शिक्षा, रोजगार हाम्रो सरोकार, परीक्षा सवाल, समृद्ध नेपाल, संसद फोकस, आजको चर्चा, सुशासन सवाल, शिक्षाको चौतारी, आजको विज्ञान, कोरोना केयर टक, भूमिमा प्रविधि, जनस्वास्थ्य बहस, डिजिटल नेपाल र जीवनचक्र कार्यक्रमहरु प्रसारण भए । दैनिक रुपमा प्रसारण हुने कृषि कार्यक्रमहरु नविन कृषि प्रविधि, किसान प्रश्न मञ्च, कृषिमा महिला, कृषि गतिविधि र कृषि टेलिफिल्म भरोषा निर्माण तथा प्रसारण भए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा निर्माण हुने विभिन्न भाषाभाषीका कार्यक्रमहरु पनि यो महिना प्रसारण भए । नेपाल भाषाको नेवा दबु, भोजपुरी भाषाको भोजपुरी आवाज, थारु भाषाको समाद, अवध भाषाको अवध दर्शन, तामाङ भाषाको तुम्दुङ र मैथली भाषाको चौवटीया कार्यक्रमहरु प्रसारण भए ।






आम दर्शकमाझ निरन्तर रुपमा सूचना, जानकारी र सन्देश प्रवाह गर्नुपर्ने दायित्वलाई अझ सशक्त रुपमा निर्वाह गर्दै नेपाल टेलिभिजनले विभिन्न विषयमा परिसंवाद, विशेष संवाद, वृत्तचित्र र जनचेतनामूलक सन्देशहरुहरु निर्माण गर्दै आएको छ । यसैक्रममा राष्ट्रिय धान दिवस, महिला र डिजिटल नेपाल, हेलो सरकार, ज्येष्ठ नागरिक लगायतका विभिन्न वृत्तचित्रहरु निर्माण तथा प्रसारण भए ।

यसका साथै प्रधानमन्त्रीको सम्बोधन, मन्त्रिपरिषद् बैठकको निर्णय लगायत विभिन्न महत्वपूर्ण घटनाक्रमहरुको प्रत्यक्ष प्रसारण पनि टेलिभिजनले यो महिनामा गरेको छ ।

## नयाँ कार्यक्रम निर्माण र प्रसारण



आर्थिक बर्ष २०७७/०७८ मा नेपाल टेलिभिजनमा रु ५९ करोड २४ लाख ८४ हजार ७ सय ६१ को सम्झौता सम्पन्न भएको र प्रत्यक्ष प्रसारण डकुमेन्ट्री, खुद्रा विज्ञापन र एक्ट्रा विलिङ समेतको हिसाव गर्दा नेपाल टेलिभिजनले कोभिड-१९ का कारण संकुचन भएको विज्ञापन बजारमा रु ६० करोड ग्रसमा आम्दानी गर्न सफल भएको छ ।

२०७७ श्रावण १ गते देखि मिति २०७८ आषाढ मसान्तसम्म कार्यक्रम तथा विज्ञापन/टेलिसन्देशका लागि नेपाल टेलिभिजनका ५ वटै च्यानलहरुबाट २०७८/०७९ को लागि सञ्चालक समितिबाट ग्रसमा रु. ४८ करोड १४ लाख  हजार ५० हजार बार्षिक लक्ष्य तोकिएकामा २०७८ आषाढ मसान्त सम्म पाँच वटै च्यानलको ग्रसमा कुल रु.६० करोडको ग्रसमा आम्दानी भएको छ ।यस बाहेक Digital Platform बाट थप रु २ करोड ५७ लाख आम्दानी भएको छ ।

२०७८ आषाढ महिनामा मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विद्‌धुत प्राधिकरणसंग टेलिसन्देश प्रसारणका लागि सम्झौता भएको छ ।

कोभिड १९ का कारण संकुचन भएको विज्ञापन बजारका बावजुत पनि नेपाल टेलिभिजनको बार्षिक सम्झौता तथा सहकार्य अत्यन्तै सकारात्मक रहेको छ ।संचालक समितिको मिति २०७८।०३।१७ को संस्थानको व्यापार सुरक्षा गर्ने निर्णयबाट रु २७ करोड भन्दा बढिको व्यापारिक सम्झौताले निरन्तरता पाएको छ । यसले आ.व २०७८/०७९ को व्यापारिक कारोबारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

संस्थानको प्रभावकारी नीति तथा रणनीतिहरु समयनुकुल प्रयोग गरी व्यापार वृद्‌धि गरिए पनि हाल देखिएको कोभिड-१९ को महामारी र त्यसबाट सिर्जित परिस्थिति, निषेधाज्ञाको प्रभाव व्यापारिक जगतका लागि भने चुनौतीपूर्ण नै रहेको छ ।

## लेखा सम्वद्ध क्रियाकलाप र आर्थिक कारोवारको लेखाजोखा

चालु आ.व.को अन्तिम महिना असार महिना सम्ममा संस्थानलाई नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा ऋण वापतको सम्पूर्ण रकम प्राप्त भएको छ । संस्थानको योजना अनुरुप निर्धारित कार्यहरु सम्पन्न भई प्राप्त रकम भुक्तानी पनि गरिएको छ ।

यसै महिना महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७६/७७ को अन्तिम लेखापरीक्षणको कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भयो । प्रतिवेदनमा उल्लेख गरिएका सुझाबहरुलाई कार्यान्वयन गर्दै अघि बढ्न प्रयासहरु शुरु भइसकेको छ । साथै लेखा परीक्षणका क्रममा औल्याइएका कतिपय कैफियतहरुलाई पनि समाधान गरि सकिएको छ ।

आ.व.२०७७/७८ मा संस्थानसंग व्यापारिक कारोवार गरेका विभिन्न संघ संस्थाहरुसंगको व्यापारिक कारोबार बमोजिमको रकम असुली गरिएको छ । यीनका अतिरिक्त महाशाखा अन्तरगत हुदै आइरहेका अन्य क्रियाकलाप र नियमित खर्च सञ्चालन कार्य भइरहेको छ ।



## सचेतता अपनाउदै नियमित काममा सक्रियता




अपरेशन महाशाखा अन्तर्गतका कर्मचारीहरुको संलग्नतामा २०७८ असार महिनामा कार्यक्रमहरुको उत्पादन, कोरोना संक्रमणको न्युनिकरणका लागि सरकार तथा स्थानीय प्रशासनबाट जारी स्वास्थ्य प्रोटोकलको पालना गर्दै कम कर्मचारीहरुको उपस्थितिमै सम्पन्न भए । यस अवधिमा विशेषतः कोभिड–१९ को नियन्त्रणका विषयमा सरकारबाट भैरहेका कमहरु र स्वास्थ्य सचेतना सम्बन्धी विषयमा केन्द्रित भै साप्ताहिक कोरोना केयर रेकर्डिङ्ग, दैनिक स्वस्थ्य जीवन कार्यक्रम उत्पादन, दैनिक कोभिड हटलाइन र स्टुडियोबाटै स्वास्थ्य मन्त्रालयको प्रेस ब्रिफिङ्गको प्रत्यक्ष प्रसारण जस्ता विशेष कार्यक्रमहरु उत्पादन तथा प्रत्यक्ष प्रसारण सम्पन्न भएका छन् । यस महिनामा VVIP र VIP संलग्न १२ वटा विशेष समारोह÷कार्यक्रमको प्रत्यक्ष प्रसारणका साथै मन्त्रिपरिषद्का निर्णयहरु सार्वजनिकी कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण समेत सम्पन्न भए । साथै नियमित समाचार तथा कार्यक्रम छायांकन, दृश्य सम्पादन र डबिङ्गका अलावा मेगा दोहोरी रियालिटि शो ‘दोहोरी च्याम्पियन’ का टप १६ का ४ भागहरु उत्पादन सम्पन्न भएका छन् ।






## प्रमुख घटनाक्रमहरुको प्रत्यक्ष प्रसारण



गत महिनाहरुमा जस्तै यो महिनामा पनि नेपाल टेलिभिजनका सबै पाँच वटै च्यानलहरुबाट राष्ट्रिय महत्व बोकेका घटना र सन्दर्भ तथा राष्ट्र एवम् सरकार प्रमुखका विभिन्न अवसरहरुमा भएका कार्यक्रमहरुको प्रत्यक्ष प्रसारण गरिएको छ । तल यो महिना प्रत्यक्ष प्रसारण गरिएका केहि महत्वपूर्ण सन्दर्भहरुलाई उल्लेख गरिएको छ ।

- प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूबाट देशबासीको नाममा सम्बोधन
- प्रधामन्त्री श्री केपी शर्मा ओलीज्यूबाट योग दिवसको विशेष समारोहमा सम्बोधन
- उपराष्ट्रपति नन्दबहादुर पुनज्यूबाट नेपाल ओलम्पिक कमिटिको कार्यक्रमको प्रत्यक्ष प्रसारण
- सुदूरपश्चिम प्रदेश सरकारको धनगढीबाट वजेट वक्तव्य कार्यक्रमको प्रत्यक्ष प्रसारण
- मन्त्रिपरिषद निर्णय सार्वजनिक कार्यक्रमको प्रत्यक्ष प्रसारण
- ७० औं मदन भण्डारी जयन्ती कार्यक्रमको प्रत्यक्ष प्रसारण
- नेपाल स्वास्थ्य अनुसन्धान परिषदको कार्यक्रमको प्रत्यक्ष प्रसारण
- नुवाकोटको समुद्रटारमा निर्माण भएको सवस्टेशन र १३२ के.भी. प्रसारण लाइनको निवर्तमान प्रधानमन्त्रीज्यूबाट समुद्घाटनको प्रत्यक्ष प्रसारण
- प्रधानमन्त्रीज्यूबाट तामाकोशी जलविद्युत आयोजनाको उद्घाटनको नेपाल टेलिभिजनबाट प्रत्यक्ष प्रसारण
- नवनिर्मित वीर अस्पताल भवनको निवर्तमान प्रधानमन्त्रीज्यूबाट उद्घाटन भएको कार्यक्रमको प्रत्यक्ष प्रसारण
- प्रधानमन्त्रीज्यूबाट देशवासीको नाममा सम्बोधन
- राष्ट्रपतिज्यूबाट नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देरउवालाई सपथ गराउने कार्यक्रमको प्रत्यक्ष प्रसारण

## अनुदान प्राप्त कार्यक्रमहरुको अवधारणापत्र

योजना, अनुसन्धान तथा अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखाले असार महिनामा चालु आ.व.२०७७/७८ मा अनुदान प्राप्त कार्यक्रमको प्रगति विवरण तथा आगामी आ.व.२०७८/७९ मा अनुदान प्राप्त कार्यक्रमहरुको अवधारणापत्र तयार गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाएको छ ।

यसैगरी संस्थानका कार्यकारी अध्यक्ष र सञ्चार तथा सूचना मन्त्रालयबीच हुने कार्यसम्पादन करार प्रयोजनका लागि त्यसको मस्यौदा तयार गरी पठाइएको छ ।

संस्थान अन्तर्गत सञ्चालित आयोजनाहरुमध्ये रु. १५ लाखभन्दा बढी वजेट विनियोजन गरिएका आयोजनाहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुगमन हुने प्रयोजनका लागि आगामी आ.व.२०७८/०७९ मा सम्पादन गरिने प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यसहितका माइलस्टोनहरु पनि असार महिनामा मन्त्रालयमा पठाइएको छ ।



## प्रविधि र जनशक्तिको व्यवस्थापनएवम् परिचालन

संस्थान अन्तरगत सञ्चालन भइरहेका सबै पाँच वटै च्यानलहरु सहित ट्रान्सफर्मर लगायतको नियमित सञ्चालनबाट दैनिक प्रसारण कार्यहरु निरन्तर गराउन इञ्जिनिरियङ्ग महाशाखा र अन्तरगत शाखाहरुले सधैं जस्तै असार महिनाभर पनि कार्य गरे ।

यो महिना प्रत्यक्ष प्रसारण सम्बन्धी कार्यहरुमा प्रविधि तथा जनशक्तिको व्यवस्थापनएवम् परिचालन गरिएको छ । यसैगरी नेपाल टेलिभिजनको नयाँ च्यानल NTV World को लागि Studio तथा IT सम्बन्धी Technical Specification तयार गरी पेश गर्ने काम सकिएको छ । यसका साथै NTV World को स्टुडियो तयार गर्न आवश्यक प्रक्रिया पनि शुरु गरिएको छ । NTV world को Prefab भवन तयार गर्ने भन्ने योजना अनुरुप महाशाखा अन्तरगत प्रकृया अगाडि बढाइएको छ ।



## रजत महोत्सवको रौनक












लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको प्रसारक संस्थाको रुपमा स्थापित एनटिभी कोहलपुरले असार ३१ गते २५ औं वार्षिकोत्सव तथा रजत महोत्सव भब्य रुपले मनाएको छ । विस २०५३ साल असार ३१ गते यसले आफ्नो प्रसारण शुभारम्भ गरेको थियो । वार्षिकोत्सवका दिन च्यानल प्राङ्गनमा स्थापित रजत स्मारक अनावरण गरियो । प्रदेश तथा स्थानीय तहसंगको व्यापक सहकार्य, थारु र मगर जातिको संस्कृति झल्कने बृहत बृत्तचित्र निर्माण, दैनिक ३ वटा समाचार बुलेटिन प्रसारण आरम्भ,थारु, अबधी र डोटेली भाषामा कार्यक्रम उत्पादन तथा प्रसारण,एनटिभी कोहलपुरप्रति विज्ञापन एजेन्सीको आकर्षण र दैनिक ७ घण्टा उत्पादन एक वर्षको अबधिमा एनटिभी कोहलपुरले हासिल गरेका उपलब्धिहरु हुन् । यसका साथैं एनटिभी कोहलपुर आर्थिक वर्ष २०७७/०७८ मा संस्थानले तोकेको लक्ष्यभन्दा तीन गुणा बढी व्यापारिक कारोबार गर्न सफल भएको छ ।





## रजत महोत्सव समारोह




रजत महोत्सवका अवसरमा आयोजित कार्यक्रममा नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष डा महेन्द्र विष्टले देशको संघीयता कार्यान्वयनमा देशकै ठूलो सञ्चार संस्थाको रुपमा नेपाल टेलिभिजन र यसका च्यानलले खेलेको भूमिकालाई विर्सन नसिकने बताउनुभयो । उहाँले वर्तमान व्यवस्थापनले एनटिभी कोहलपुर मार्फत राष्ट्रिय दायित्व पुरा गरेको र केन्द्रको भारलाई कम गरेको बताउनुभयो । नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बल तामाङले एनटिभी कोहलपुरले समाज परिवर्तन र यहाँको संस्कृति उजागर गर्न निर्वाह गरेको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । समारोहमा लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव रविलाल पन्थले पश्चिम नेपालको सम्भावना उजागर गर्नका लागि एनटिभी कोहलपुरले महत्वपूर्ण भूमिका खेलिरहेको बताउनुभयो । सो अवसरमा एनटिभी कोहलपुरका प्रमुख निराजन खनालले पिछडिएको क्षेत्रको मूलप्रवाहिकरण रस्थानीय बिषयवस्तुको विश्वव्यापीकरणका लागि डिजिटल प्रविधिको उच्चतम सदुपयोग गर्दै एनटिभी कोहलपुरले यस क्षेत्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक र पर्यटकीय सम्पदाहरुको शब्दचित्र अभिव्यक्त गर्ने काम गर्दै आएको बताउनुभयो । कार्यक्रममा नेपाल टेलिभिजन सञ्चालक समितिका सदस्य सवनम मुखिया, नेपाल टेलिभिजन आर्थिक प्रशासन महाशाखा प्रमुख पवन माण्डव्य, नेपाल टेलिभिजन कर्मचारी संघका वरिष्ठ उपाध्यक्ष आलोक तिवारी, नेपाल टेलिभिजन कर्मचारी यूनियनका अध्यक्ष विशेश्वर पौडेल र नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन प्रतिष्ठान शाखाका अध्यक्ष दिपकजंग हमालले कला र सस्कृतिले भरिपूर्ण पश्चिम क्षेत्रको विकासका लागि एनटिभी कोहलपुरले थप सक्रियताका साथ काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

## वृत्तचित्रको शुभारम्भ

लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहकार्यमा एनटिभी कोहलपुरले निर्माण गरेको थारु र मगर जातिको संस्कृति झल्कने बृहत बृत्तचित्रको प्रसारण पनि सुरु गरिएको छ । जीवन्त लोक नृत्य, परम्परा, संस्कार अनि चाडपर्वहरुले उन्नत जाति थारु र सांस्कृतिक रुपले निकै सम्पन्न मगर जातिको जीवनशैलि, संस्कार र संस्कृति झल्कने यि बृत्तचित्र फराकिलो दायरामा सम्भवतः पहिलोपटक निर्माण भएका बृत्तचित्र हुन् । लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव रविलाल पन्थले ति बृत्तचित्र प्रसारणको शुभारम्भ गर्नुभयो ।

## उत्कृष्ट विज्ञापन एजेन्सीलाई सम्मान









रजत महोत्सवका अवसरमा एनटिभी कोहलपुरसंग उत्कृष्ट कारोवार गर्ने ३ वटा विज्ञापन एजेन्सीहरुलाई सम्मान गरियो । परिमार्ग मिडिया प्राली, सगुन सञ्चार प्राली र मिडवेष्ट एडभरटाइजीङ प्रालीलाई च्यानल प्रमुख निराजन खनालले मायाको चिनो सहित सम्मान गर्नुभयो ।

## पुरस्कार प्रदान

एनटिभी कोहलपुरका उत्कृष्ट कर्मचारीको रुपमा बरिष्ठ सहायक दृष्य सम्पादक मुकेश चौधरी र स्थापना कालदेखि कार्यरत कार्यालय सहयोगी मोहम्मद अलि नाउँलाई नगद पुरस्कार सहित सम्मान गरियो । यस्तै उत्कृष्ट सम्वाददाताको रुपमा लुम्बिनी प्रदेशबाट रुपन्देहीका केशव भण्डारी, कर्णाली प्रदेशबाट सुर्खेतका सुशील खड्का र सुदूरपश्चिम प्रदेशबाट कैलालीका निर्मला खडायतलाई पुरस्कृत गरियो । नेपाल टेलिभिजनका महाप्रवन्धक फूलमान वल तामाङले पुरस्कृत कर्मचारी तथा सम्वाददाताहरुलाई नगद पुरस्कार तथा सम्मानपत्र प्रदान गर्नुभयो ।

## बृक्षरोपण तथा सरसफाइ




एनटिभी कोहलपुरको रजत महोत्सवको अवसरमा कार्यालय तथा निवास परिसरमा फलफूलका विरुवाहरु रोपिएको छ । एनटिभी कोहलपुरमा कार्यरत कर्मचारीहरुले फलफुलका बिरुवाहरु रोपेका हुन् । आप, लिची, अमला लगायतका बिरुवाहरु लगाइएको छ । यस्तै कार्यालय तथा निवास परिसरमा बृहत सरसफाइ कार्यक्रम आयोजना गरियो ।

## खेलकुद प्रतियोगिता आयोजना



रजत महोत्सवकै अवसरमा असार २८ गते सम्पुर्ण कर्मचारीहरुका बीचमा ब्याडमिन्टन तथा घैटो फुटाउने प्रतियोगिता आयोजना गरियो । ब्याडमिन्टनतर्फ सुदीप बुढाथोकी र नबिन नेपालीको जोडी प्रथम, रुपेश बूढाथोकी र पुरुषोतम सापकोटाको जोडी दोस्रो एवं टुयलकुमार अधिकारी र प्रदीप बस्नेतको जोडी तेस्रो स्थान हासिल गर्न सफल भए । घैटो फुटाउने प्रतियोगितामा नविन नेपाली प्रथम भए । प्रतियोगिताका बिजेताहरुलाई एनटिभी कोहलपुरका प्रमुख निराजन खनालले प्रमाणपत्र सहित नगद पुरस्कार प्रदान गर्नुभयो ।।